का.जि.प्र.का.द.नं. १००/०५९/६०

९ फागुन २०७८,
सोमबार
21 February 2022,
Monday

मूल्य रु. ५/-


# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १६, पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com

# विरोधबीच एमसीसी पेश

सत्तापक्षकै सांसदहरुको विरोध र सडक प्रदर्शन चलिरहँदा सरकारले एमसीसी संसदमा पेश गरेको छ । सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले एमसीसी पेश गरिरहँदा विपक्षी दल नेकपा एमालेका सांसदहरु भने संसदीय प्रक्रियामै सामेल भएनन् ।





*आइतबारको प्रतिनिधिसभा बैठकमा एमसीसी पेश हुने भएपछि विरोध जनाउँदै सांसदहरु (बाँया) । एमसीसी विरुद्धमा भएको प्रदर्शनकारीमाथि रबरको गोली चलाउँदै प्रहरी (दायाँ)*

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ८ फागुन ।

३२ महिनाको लामो रस्साकस्सीपछि अमेरिकन सहयोग परियोजना मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) संसदमा पेश भएको छ । सत्तारुढ दलका सांसदहरुकै असहमतिका बावजुद एमसीसी पेश गरिएको हो । सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले एमसीसी टेबुल गर्दा माओवादीका सांसदकृष्णहादुर महरा, गिरिराजमणि पोखरेल, एकीकृत समाजवादीका सांसद एवं सम्मानित नेता झलनाथ खनाल लगायतले विरोध जनाए ।

तर, सदनदेखि सडकसम्मको विरोधका बावजुत पनि एमसीसी भने सदनमा टेबुल भएको छ । सदनमा एमसीसी टेबुल भएसँगै प्रधानमन्त्री शेरबहादुर देउवाले भने एमसीसी छिट्टै पास हुने बताएका छन् । प्रतिनिधिसभा बैठक सकेर निस्कने क्रममा सञ्चारकर्मीको जिज्ञासामा प्रधानमन्त्री देउवाले भने, “अब पास हुन्छ ।” कानूनमन्त्री दिलेन्द्र बडुले पनि एमसीसी टेबुल हुनु आफैँमा सकारात्मक भएको बताएका छन् ।

“एमसीसीबारे धेरै क्रिया-प्रतिक्रियाहरू भइरहेकै थिए । त्यसको जवाफ दिनका लागि एमसीसी संसद्मा – बाँकी पृष्ठ २ मा



“एमसीसी पारित गराउन होइन । द्वन्द्व बढाउन र विदेशी शक्तिहरुको चलखेलको केन्द्र नेपाललाई बनाउन एमसीसी बल्ल पेश गरियो ।

**केपी शर्मा ओली**
अध्यक्ष, नेकपा एमाले



“एमसीसी राष्ट्रिय हित बिपरीतका विषय हो । संसदमा अवरोध छ । दलहरुबीच सहमति छैन । यो संसदीय प्रचलन पनि होइन ।

**देव गुरुङ**
प्रमुख सचेतक, माओवादी केन्द्र



“अब पास हुन्छ । एमसीसीबारे धेरै क्रिया-प्रतिक्रियाहरु भइरहेकै थिए । त्यसको जवाफ दिनका लागि एमसीसी संसद्मा प्रवेश भएको छ ।

**दिलेन्द्रप्रसाद बडु**
कानूनमन्त्री

## बाहिर विरोध, भित्र समर्थन

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ८ फागुन ।

अमेरिकी सहयोग परियोजना एमसीसीको विरोधमा आइतबार दिनभर राजधानी उपत्यकामा सडक प्रदर्शन भयो । प्रदर्शनकारीले नयाँ बानेश्वरको संसद् भवन क्षेत्रको निषेधित क्षेत्र तोड्ने प्रयास गरेका थिए । प्रदर्शनकारीलाई रोक्न प्रहरीले लाठी चार्ज गर्दा कयौं प्रदर्शनकारी घाइते भए ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रहरी दमनको विरोधमा आइतबार अपरान्ह स्टाटस लेखेका थिए । एमसीसीको विरोधमा प्रदर्शनमा उत्रिएका प्रदर्शनकारीलाई प्रहरीले हस्तक्षेप गरेकोमा आपत्ति जनाएका प्रचण्डले घाइतेहरुलाई स्वास्थ्य लाभको कामना गरेका थिए । जबकी प्रचण्डकै सहमतिमा प्रतिनिसभामा एमसीसी पेश भएको छ । आइतबार बिहान बसेको सत्ता गठबन्धनको बैठकले एमसीसी संसदमा पेश गर्ने सहमति गरेको थियो ।

> पार्टी कार्यकर्ता सडकमा उतारे पनि सत्ता साझेदार दल नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले एमसीसी संसदमा पेश गर्ने सहमति दिए ।

उक्त बैठकपछि बसेको कार्यव्यवस्था परामर्शको बैठकले प्रतिनिधिसभाको बैठकका निम्ति तयार पारेको कार्यसूचीको तेस्रो – बाँकी पृष्ठ २ मा

## रोजगारीका लागि युवा विदेशिने क्रम रोक्न साहित्यकारहरूको सक्रियता

**काठमाडौं/रासस–** वैदेशिक रोजगारीमा गएर कठिन र जोखिमयुक्त श्रम गर्न बाध्य नेपाली युवाहरूलाई फर्काएर स्वदेशमै रोजगारीमा लगाउन प्रेरित गराउने खालका साहित्य सिर्जना गर्न आग्रह गरिएको छ ।

साहित्य सन्ध्याको मासिक ४२५औं शृंखला अन्तर्गत आयोजित ‘वैदेशिक रोजगारी, सामाजिक विकृति र रूपान्तरणमा साहित्यको भूमिका’ विषयक परिचर्चा र कविता वाचन कार्यक्रममा नेकपा एमालेका स्थायी कमिटी सदस्य रघुजी पन्तले साहित्यले समस्यालाई वस्तुपरकरूपमा उजागर गरेर यथार्थ बाहिर ल्याइदिनुपर्नेमा जोड दिँदै राज्यले ठोस् नीति निर्माण गरेर युवालाई रोजगारी प्रदान गर्ने कार्य गर्नुपर्ने बताए ।

उनले कृषि, पर्यटन, उद्योग हाम्रा सम्भाव्य क्षेत्र भएकाले तिनै क्षेत्रमा पूर्वाधार तयार पलायन हुने जनशक्तिलाई रोक्नुपर्ने बताए । वैदेशिक रोजगारीमा २२ देखि ४५ वर्षसम्मका युवा बाहिरिइरहेको तथ्यांक देखिन्छ । यो उमेर भनेको घरपरिवारसँग बिताउने र श्रम गर्न सक्ने उमेर हो । त्यसैले यो उमेरसमूहका युवा पलायन हुँदा त्यसले विभिन्न प्रकारका विकृति पनि ल्याएको पाइन्छ । प्रमुखरूपमा पारिवारिक विखण्डन, यौन विकृति, हिंसात्मक अवस्थाको सिर्जना, ज्यानै जानेसम्मका घटना हुने गरेका र भएका पाइन्छन् ।

कार्यक्रममा युवाकवि प्रशान्त खरेलद्वारा लिखित ‘आगाका फिलुङ्गाहरू’ कविता संग्रहको लोकार्पण गरिएको थियो । लोकार्पित कविता संग्रहका बारेमा प्रगतिशील लेखक संघका केन्द्रीय अध्यक्ष प्रा डा जीवेन्द्रदेव गिरीले टिप्पणी गर्दै नेपाली समाजमा विशेषगरी नेपाली राजनीतिले हुर्काएका विकृत र कुरूप प्रवृत्तिलाई उजागर गर्दै सकारात्मक पक्षलाई प्रोत्साहन र नकारात्मक पक्षका प्रति आक्रोश व्यक्त गरेका, राजनीतिक परिवर्तनपछि परिवर्तनका संवाहकहरूमा आएको स्खलनप्रति कवितामा गम्भीर चिन्ता व्यक्त गरिएको बताए ।

गोष्ठीमा प्रा डा कृष्णप्रसाद घिमिरे, डा फणिन्द्रराज निरौला, दुर्गा नेपाली, जयन्ती स्पन्दन, खेमराज निरौला, डा हरिप्रसाद सिलवाल, डम्बर पहाडी, गोविन्द घिमिरे ‘वेदमणि’, गायत्रीकुमार चापागाईं, नर्मदेश्वरी सत्याल, डा षडानन्द पौडेल, बेनीबहादुर थापा, नमूना शर्मा, गणेश घिमिरे ‘मार्मिक’, भावना न्यौपाने, तारा गाउँले, उर्मिला पन्त पाण्डेय, उमेश उपाध्याय, रमेश पोखरेल र राम विनयले कविता, गीत, एलाक, लघुकथा, मुक्तक वाचन गरेका थिए ।

### वैदेशिक रोजगार विशेष

### विदेशको हण्डर र ठक्करले बनायो व्यवसायी

**तनहुँ/रासस–** कतारबाट फर्किएपछि तनहुँका एक युवकले व्यावसायिक रुपमा उखु र मेवा खेती गरेर राम्रो आम्दानी गर्न थालेका छन् । व्यास नगरपालिका-१ घाँसीकुवा निवासी हेमबहादुर लामा विदेशको रोजगारी छाडेर स्वदेशमै उक्त व्यवसाय गरी आम्दानी लिन थाललेका हुन। करिब पाँच वर्ष कतारमा स्टोर किपरको राम्रो जागिर गर्नुभएका उहाँले स्वदेशमै केही गरौं भन्ने सोचका साथ जागिर छाडेर आई व्यावसायिकरूपले उखु र मेवा खेतीतर्फ लागेका हुन ।

व्यास नगरपालिका-११ स्थित गैह्राबारी भन्ने स्थानमा लामा कृषि तथा पशु फार्म दर्ता गरी वार्षिक र डेढ लाख भाडा बुझाउने गरी बाइस रोपनी जग्गा भाडामा लिएर लामाले उखु र मेवा खेती गरेका छन् । करिब १७ रोपनी जमिनमा उखु र पाँच रोपनीमा मेवा खेती गरिएको किसान उनले बताए ।

शुरुमा नौ लाख रूपैयाँ लगानी गरी व्यवसाय थालेको बताउदै लामाले उखु गत असोज महिनादेखि र मेवा कात्तिक महिनादेखि उत्पादन लिन थालेको जानकारी दिए। पाँच महिनाको अवधिमा उखु करिब रु डेढ लाख र मेवा र ५० हजारभन्दा बढीको बिक्री गरिसकिएको उनको भनाइ थियो । चिसोका कारण अहिले बिक्री न्यून रहे पनि गर्मी बढ्न थालेपछि बिक्री राम्रो हुने अपेक्षा छ ।

उक्त फार्ममा उत्पादन गरिएका उखु र मेवा जिल्लाको आँबुखैरेनी, डुम्रे, दमौली, दुलेगौडा र भिमाद बजारमा बिक्री हुँदै आएको छ । किसान लामाको व्यास नगरपालिका-३ अनशन चौतारीमा लामा फलफूल तथा जुस पसल रहेकाले कतिपय उत्पादित सामान पसलबाट पनि बिक्री हुने गरेकाले व्यापार गर्न सहज भएको छ ।

शुरुमा दुई हजार बोट काली उखु र तीन सय बोट रेडलेडी नाउँको मेवाको बिरुवा लगाइएकामा अहिले दैनिक राम्रो आम्दानी दिन थालेको बताइएको छ । एक वर्षअघि लगाइएको उखु तीन वर्षसम्म र एकपटक लगाइएको मेवाले दुई वर्षसम्म निरन्तर आम्दानी दिइरहने लामाका बाबु जयबहादुरले जानकारी दिए । फार्ममा रहेका कामदारलाई काम गर्न सिकाउनाका साथै आफू पनि दैनिक काम खट्ने गरेको उनले बताए ।

अहिले दैनिक चार कामदारले रोजगारी पाइरहेका छन् । बाबु जयबहादुरले भने, ‘फार्मको रेखदेखदेखि काम गर्नेसम्मका जनशक्ति राखिएको छ ।’ दुई छोरामध्ये एउटा छोरा होटल र अर्का छोरा फलफूल तथा जुस पसल – बाँकी पृष्ठ २ मा

## नजर एमालेतिर

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ८ फागुन ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली आइतबारको प्रतिनिधिसभा बैठकमा सहभागी भए । एमसीसी पेश गरिने कार्यसूची तय भएपछि अध्यक्ष ओली संसदमा भाग लिन आएका थिए । गएको २३ भदौदेखि लगातार संघीय संसद अवरोध गर्दै आएको एमालेले आइतबार पनि नाराबाजी गरेको थियो ।

नाराबाजीमा नभिएपनि अध्यक्ष ओलीले संसद बैठकमा भाग लिए । संसदमा एमसीसी पेश भएपछि अध्यक्ष ओली आफ्ना सांसदहरुसँग बसेका थिए । शीर्ष नेताहरुसहित झण्डै ४० जना सांसदसँग ओलीले एमसीसी पारित गराउनका निम्ति पेश नभएको बताए । अमेरिका र चीन एकअर्काविरुद्ध बक्तव्यबाजीमै उत्रिएपछि बल्ल एमसीसी पेश गरिनुको अर्थ द्वन्द्व बढाउनु भएको ओलीले सांसदहरुसँग भनेका थिए ।

यसअघि आफूले संसदमा पेश गर्न खोजेको एमसीसी रोक्नेहरुले नै प्रतिनिधिसभामा एमसीसी ल्याउनुको उद्देश्य सडक प्रदर्शन बढाउनु समेत भएको ओलीको भनाइ थियो । तर ओलीको उपस्थिति आफैमा अर्थपूर्ण छ । किनकि ओली हत्तपत्त संसदमा जाने गरेका छैनन् । गएको २८ मंसिरदेखि



हिउँदे अधिवेशन शुरु भएपनि ओली संसद् बैठकमा अनुपस्थित हुने गरेका थिए ।

तर आइतबार ओली संसदमा सहभागी भएपछि सबैजसो दलका प्रमुख सहभागी भए । प्रधानमन्त्री एवम् नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल बैठकमा सहभागी थिए । सत्ता साझेदार दलका सांसदहरुले विरोध जनाइरहेपनि सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले एमसीसी पेश गरेका छन् ।

एमसीसीमाथि अर्को बैठकमा छलफल हुनेछ । तर अर्को बैठक १२ फागुनसम्म स्थगित गरिएकाले त्यसबीचमा थप छलफल र गृहकार्य हुने संभावना छ । एमसीसी पेश गर्न तयार भएका माओवादी केन्द्र र एकीकृत समाजवादीले विपक्षमा मतदान गर्ने निर्णय गरेका छन् । जनमोर्चा सडक प्रदर्शनमै उत्रिएको छ । जनता समाजवादी पार्टीभित्र एकमत छैन ।

यस्तो अवस्थामा एमालेको भूमिकाबारे चासो बढेको छ । संसदको सवैभन्दा ठूलो दल एमाले पक्ष वा विपक्षमा उभिदा एमसीसीबारे निर्णय प्रभावित हुनेछ । यसअघि एमालेका अध्यक्ष केपी शर्मा ओलीले एमसीसी अनुमोदन गराउनुपर्ने पक्षमा उभिएका थिए । तर एमाले विपक्षी दल बनेपछि ठोस् निर्णय गर्न सकेको छैन । अधिकांश सांसदहरु एमसीसीको विपक्षमा उभिनुपर्ने पक्षमा छन् । तर ओलीले भने एमसीसीबारे कुनै पक्षमा उभिने अवस्था नरहेको बताएका छन् ।

मध्यान्ह
www.madhyanhadaily.com
९ फागुन २०७८, सोमबार
21 February 2022, Monday

# पेट्रोलियम पदार्थको मूल्यवृद्धिविरुद्ध प्रदर्शन



**काठमाडौं/मस-** नेपाल आयल निगमद्वारा गरिएको पेट्रोलियम पदार्थको मूल्यवृद्धिविरुद्ध भक्तपुरमा प्रदर्शन भएको छ ।

नेत्रविक्रम चन्द विप्लव समुहका नेपाल कम्युनिष्ट पार्टी निकट विद्यार्थी संगठनले आइतबार बिहान सानोठिमी क्याम्पस अगाडि सडकमा टायर बालेर प्रदर्शन गरेको हो ।

विप्लव नेकपा निकट अखिल क्रान्तिकारीका विद्यार्थीले नाराबाजीसहित टायर बालेपछि प्रहरीले प्रदर्शनकारीलाई तितरबितर पारेर आगो निभाएका छन् । नेपाल आयल निगमले शनिबार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोल र डिजेल तथा मट्टीतेलको साविक बिक्री मूल्यमा प्रतिलिटर ३ रुपैयाँले वृद्धि गरेको थियो ।

## विरोधबीच...

प्रवेश भएको छ । संसद्मा केही सांसद्हरूले बोलेर पनि प्रतिक्रिया दिन सुरु गर्नुभएको छ, यो सकारात्मक हो", मन्त्री बडुले भने । मन्त्री बडुले संसद्बाटै आम नेपाली जनता, मित्र राष्ट्र र दातृ राष्ट्रहरूलाई जवाफ दिने पनि बताएका छन् ।

एमसीसी सदनमा टेबुल गर्न सहमति जनाएका नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले भने पास गर्नेबारे आफ्नो पार्टीको समर्थन नहुने, बरु सरकार छोड्न तयार हुने बताएका छन् । "पास गर्ने कुरामा हाम्रो समर्थन छैन", नेता नेपालले भने । तर, उनकै पार्टीका सम्मानित नेता खनालले भने कुनै पनि हालतमा एमसीसी टेबुल गर्न नहुने बताउँदै आएका छन् । दलहरुका पक्ष र विपक्षको मतभेदबीच एमसीसी भने सदनमा पुगेको छ ।

संसद पुग्यो एमसीसी

लामो समयको विवादपछि सदनमा टेबुल भएको एमसीसी परियोजना पारित गराउने वा नगराउने विषय सांसदहरुको हातमा पुगेको छ । नेपाल कांग्रेस बाहेक दलहरुभित्र एमसीसीका पक्ष र विपक्षमा आवाज उठिरहँदा सदनमा बहुमत सांसदहरुले समर्थन गरेमात्रै पास हुने देखिएको हो । प्रतिनिधिसभामा टेबल भएको एमसीसीको सम्झौताको सैद्धान्तिक पक्षको छलफलका लागि आगामी फागून १२ गतेका लागि बैठक बोलाईएको छ । सो छलफलपछि सांसदहरूलाई संशोधनको समय निर्धारण गरिन्छ । विधेयक, सन्धि वा सम्झौतामा आरक्षणको व्यवस्था छ भने संशोधनका लागि १२० घण्टाको समय छुट्याउने नियम छ । तर, एमसीसीमा भने आरक्षणको व्यवस्था भने गरिएको छैन ।

एमसीसीलाई साधारण बहुमतबाट पारित गर्न सरकारले पत्र पठाएको थियो । मतमा जाँदा सत्ता पक्षसँग बहुमत हुन्छ भन्ने बुझाइ संसदीय व्यवस्थामा रहन्छ । तर, सत्तापक्षका सांसदहरुको एमसीसी परियोजनाप्रति असन्तुष्टि देखिएको हुँदा हस्ताक्षर नै संकलन गरेर मतविभाजनमा जानुपर्ने देखिन्छ । हाल प्रतिनिधिसभामा २७१ सांसद रहेका छन् । त्यसको एक चौथाइ भनेको ६८ जना हो ।

त्यसका लागि उपस्थित संख्याको बहुमत अर्थात् न्यूनतम संख्या उपस्थित रहेमा ३५ जनाभन्दा बढी सांसद्ले पक्षमा मत जाहेर गरेमा एमसीसी प्रतिनिधिसभाबाट पारित हुनेछ । सत्तारुढ गठबन्धनमा रहेको माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले भने एमसीसी छलफलका लागि संसदीय समितिमा पठाउनुपर्ने बताएका थिए । तर प्रधानमन्त्रीले भने संसद्मा नै छलफल गरेर निर्णयार्थ प्रस्तुत गर्नुपर्ने अडान राख्दै आएका छन् ।

## बाहिर...

नम्बरमा एमसीसी अर्थमन्त्री जनार्दन शर्माले पेश गर्ने निर्णय गरेको थियो । तर अर्थमन्त्री शर्मा संसदमा उपस्थित भएनन् । उनी अनुपस्थित भएपछि सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले एमसीसी पेश गरेका छन् । एमसीसी पेश गर्ने कार्यसूची पाएपछि सांसदहरुले आपत्ति जनाएका थिए ।

नेकपा एमालेका भीम रावल, नेकपा माओवादी केन्द्रका देव गुरुङ, नेपाल मजदुर किसान पार्टीका प्रेम सुवाल र राष्ट्रिय जनमोर्चाकी दुर्गा पौडेलले एमसीसी कार्यसूचीबाट हटाउन आग्रह गरेका थिए । तर सभामुख सापकोटाले एमसीसी पेश गर्न सञ्चारमन्त्री कार्कीलाई अनुमति दिए । एमसीसी पेश भइरहँदा पूर्वप्रधानमन्त्री झलनाथ खनालले समेत उभिएर विरोध जनाएका थिए । माओवादी केन्द्र र एकीकृत समाजवादीका सांसदहरुले पनि आपत्ति जनाए ।

तर एमसीसी पेश भएको छ । अर्को प्रतिनिधिसभा बैठक १२ फागुनमा तोकिएको छ । तर सडक प्रदर्शन रोकिने संभावना देखिदैन । आइतबारकै सडक प्रदर्शन नियन्त्रणमा लिन प्रहरीले रबरको गोली नै चलाउनु परेको थियो । रबरको गोली चलेपनि प्रदर्शन रोकिएको थिएन ।


माओवादी केन्द्र र एकीकृत समाजवादीका नेता-कार्यकर्ताले केही वर्ष यता लगातार एमसीसीको विरोधमा प्रदर्शन गर्दै आएको छ । माओवादी केन्द्रको संसदीय दलको बैठकले एमसीसीको विपक्षमा मतदान गर्ने र एकीकृत समाजवादीको स्थायी कमिटी बैठकले एमसीसी यथास्थितिमा अनुमोदन नगर्ने निर्णय गरेकाले कार्यकर्तालाई प्रदर्शनका निम्ति बल पुगेको छ । तर तिनै दलका अध्यक्षहरु प्रचण्ड र माधवकुमार नेपालले भने एमसीसी पेश गर्ने सहमति जनाएका छन् ।

# मुस्ताङका १३ बस्ती नदीकटानको उच्च जोखिममा

**गलेश्वर/रासस-**मुस्ताङका १३ वटा बस्ती कालीगण्डकी नदी कटानको उच्च जोखिममा परेको छ । वर्षायाममा कालीगण्डकी नदीका कारण छुसाङदेखि लेतेसम्मका १३ बस्ती उच्च जोखिममा परेको जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) को सहयोगमा गरिएको एक अध्ययन अनुसन्धानले देखाएको छ ।

बारागुङ मुक्तिक्षेत्रको समर तथा चैले, घरपझोङको स्याङ, ठिनी र थासाङ गाउँपालिकाको लार्जुङ, कोवाङ र सौरुलगायतका बस्ती उच्च जोखिममा रहेको सो अध्ययनले देखाएको छ । तापमान वृद्धिसँगै हिमताल फुट्ने र बाढीपहिराका कारण तटीय क्षेत्र उच्च जोखिममा रहेको प्रारम्भिक प्रतिवेदन सार्वजनिक गरिएको छ । जलवायु परिवर्तनको असरका कारण हिमालपारिको जिल्ला मुस्ताङ भएर बग्ने नदी तथा खोलाकिनारका बस्ती उच्च जोखिममा पर्न थालेका छन् । त्यसैगरी हिमालमा हिमस्खलन हुने क्रम पनि बढ्दै गएको अध्ययनले देखाएको छ ।

हिमस्खलन बढेपछि सेता हिमाल काला पहाडमा परिणत हुँदै जानसक्ने खतरासमेत बढेको वातावरणवीद्हरुले बताएका छन् । मुस्ताङमा जलाधार क्षेत्र अनियन्त्रित बन्दै जान थालेको र पछिल्लो समयमा लुप्रा खोला, कागबेनी खोला, घरपझोङको ठिनी खोला र थासाङको तमो खोला, थापाखोलाले धार परिर्वतन गर्दै बस्तीमा जोखिम पुर्‍याएका वातावरणकर्मी सहदेव सिग्देलले बताए । मुस्ताङमा असमान हिमपात हुने, हिमताल फुट्ने, हिमपहिरो जाँदा झनै जोखिम बढेको देखिएको छ । जलवायु परिवर्तनका कारण जमिनको



तापमान वृद्धि हुँदा हिउँ पग्लने र भारी वर्षा हुन थालेका कारण कालीगण्डकी तथा सहायक खोलाका तटीय बस्ती उच्च जोखिममा परेका हुन् ।

वर्षायाममा आउने बाढीले कटान बढ्दै गएपछि कालीगण्डकी नदी बस्ती छेउसम्मै आइपुगेको हो । कटान नरोकिएपछि यी बस्तीका स्थानीयवासी त्रसित भएका छन् । कालीगण्डकी नदीको सतह वर्सेनि वृद्धि हुँदै जाँदा यी बस्ती जोखिममा परेका मुस्ताङका रोशन शेरचनले जानकारी दिए । उनले पछिल्लो समय जलवायु परिवर्तनको मार मुस्ताङले भोग्नुपरेको बताउँदै कालीगण्डकी नदीको जलचक्र प्रणाली र मुस्ताङको खेतीपातीसमेत प्रभावित हुँदै गएको बताए ।

मुस्ताङमा गत मंसिरमा हिउँपहिरो गएको थियो । मानापाथी हिमालमा गएको हिमपहिरोले यहाँको जनजीवन त्रसित बनाएको थियो । त्यसअघि २०२८, २०५२ र २०५९ सालमा धौलागिरि क्षेत्रमा गएको हिमपहिरोले मानवीय क्षति हुनका साथै पशु चौपाया मरेका थिए । यता म्याग्दी क्षेत्रमा पनि कालीगण्डकी नदी कटानको समस्या विकराल बन्दै गएको छ । साँघुरिएर बगेको नदीले कटान गर्दा तटीय क्षेत्रका बासिन्दा वर्षाको समयमा त्रसित हुने गरेका छन् । भुरुङ, तातोपानी, दाना, बैंसरी र जिल्लाको सदरमुकाम बेनीबजारसमेत असुरक्षित रहेको छ ।

'कालीगण्डकी नदीमा कतिबेला बाढी आउछ कुनै टुङ्गोनै हुँदैन', बेनी बजारका रमेश श्रेष्ठले भने' जलवायु परिवर्तनको असर हिमालदेखि नदी आसपासको तटीय क्षेत्र र सिमसारमा तीव्ररुपले पर्दै जान थालेको छ ।' त्यसैगरी म्याग्दी नदी कटानको जोखिम पनि उत्तिकै छ । पश्चिम म्याग्दीका १८ वटा बस्ती म्याग्दी नदीको कटानका कारण वर्षामा संधै असुरक्षित रहने गरेका छन् । नदी किनारामा तटबन्ध गरेर नदीको धार परिवर्तन गर्ने प्रयास गरिए पनि वर्षेनि कटान नरोकिएको बेनी नगरपालिका-२ बगरफाँटका नारायण कार्कीले बताए ।

## विदेशको ...

सञ्चालन गर्दै आएपछि फार्म आफ्नै नेतृत्वमा सञ्चालन गर्दै आएको उनले बताए । उखु प्रतिढकको र ५० र मेवा प्रतिकिलो र ८० मा बिक्री गर्ने गरिएको छ । उखु धादिङको नौबिसे र मेवा भारतबाट ल्याएर व्यावसायिक रुपमा खेती गरिएको हो । उक्त रेडलेडी नाउँको मेवाको बीउ एक किलोग्रामको एक लाखसम्म मूल्य पर्ने भएकाले महँगो रहेको जयबहादुरको भनाइ थियो । उखु जन्डिस रोगका लागि उपयुक्त हुने भएकाले त्यसलाई पेलेर करिब एक सय लिटर खुदो बनाएर राखिएको छ । लामाले भने, 'खुदो प्रतिमाना रु ६०० मा बिक्री गर्ने गरिएको छ ।' फार्ममा उखु र मेवाको खेतीका साथै भैँसी कुखुरा र पानीहाँस पाल्ने कार्य पनि अघि बढाएको छ ।

**सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७८/११/९**

यस सा.व.स. बाट संकलित खयर प्रजातिको काठ ४४०.२७ क्युफिट विक्री गर्नुपरेकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिनेछ ।

**विजयथान धारापानी सामुदायिक वन उपभोक्ता समूह,**
**हलेसी तुवाचुङ-२ डिकुवा, खोटाङ**

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७८/११/०९

यस कम्पनीको मिति २०७८/१०/१९ मा सम्पन्न विशेष/बार्षिक साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **सुपर निर्माण कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि. नं. १५९०५५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/११/०२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सुपर निर्माण कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

# मन्त्री भुसालसमक्ष प्रतिवेदन पेस

**काठमाडौं/मस-**विद्युत् नियमन आयोगका अध्यक्ष तथा सदस्यको कार्यक्षमताका विषयमा छानबिन गर्न गठित समितिले आइतबार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसाललाई प्रतिवेदन बुझाएको छ ।

आयोगका अध्यक्ष र सदस्यको कार्यक्षमता अभावका कारण आफ्नो काम, कर्तव्य, अधिकार र जिम्मेवारी बहन गर्न नसकेको विषयमा उच्च अदालतका पूर्वमुख्य न्यायाधीश



प्रकाशचन्द्र गजुरेलको अध्यक्षतामा विद्युत् नियमन आयोग २०७४ को दफा ९ बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को बैठकले २०७८ पुस ८ गते सो समिति गठन गरेको थियो ।

# मोटरसाइकल चोरी गर्ने पक्राउ

**काठमाडौं/मस-**तीनवटा मोटरसाइकल चोरी गर्ने एकजनालाई प्रहरीले पक्राउ गरेको छ । महानगरीय प्रहरी प्रभाग कोटेश्वरबाट खटिएको टोलीले काठमाडौं महानगरपालिका-३२ नरेफाँट सत्य साइँबाबा मन्दिर नजिकबाट काठमाडौं बानेश्वरका २१ वर्षीय पुल्कित ठकुरीलाई शुक्रबार राति पक्राउ गरी आज सार्वजनिक गरेको हो ।

महानगरीय प्रहरी परिसर काठमाडौंका प्रवक्ता, प्रहरी उपरीक्षक दिनेशराज मैनालीले जाँचका क्रममा बा ९२ प ३८ लेखिएको बुलेट मोटरसाइकलको अगाडि पछाडिको अंक टेपले छोपेर हिँडिरहेको अवस्थामा ठकुरीलाई पक्राउ गरिएको जानकारी दिए ।

उनले भने, 'पक्राउ परेका ठकुरीसँग आवश्यक



अनुसन्धानका क्रममा अन्य दुईवटा मोटरसाइकलसमेत चोरी गरेको भेटिएको छ ।'

ठकुरीले उक्त मोटरसाइकल ललितपुरको मङ्गलबजारबाट चोरी गरेको स्वीकारेको प्रवक्ता मैनालीले बताए ।

पक्राउ परेका ठकुरीसँग प्रहरीले पल्सर र एभेन्जर मोटरसाइकलसमेत बरामद गरेको छ । प्रहरीले ठकुरीलाई मुलुकी अपराधसंहिता २०७४ को परिच्छेद-२० अन्तर्गत दफा २४१ को 'चोरी गर्न नहुने कसूर' मुद्दामा म्याद थप गरी अनुसन्धान गरिरहेको प्रवक्ता मैनालीले बताए ।

# टिपरको ठक्करले बालिकाको मृत्यु

**भक्तपुर/मस-**चाँगुनारायण नगरपालिका-८ सुडाल रानीबारीमा आइतबार सुडालबाट च्यामासिंहतर्फ आउँदै गरेको बा ४ ख ७३५२ नं को टिपरको ठक्करले पैदलयात्रीको मृत्यु भएको छ ।

टिपरको ठक्करले काभ्रे महाभारत गाउँपालिका-२ घर भई हाल सुडालस्थित इँट्टाभट्टामा काम गर्ने सूर्यबहादुर मगरकी




आठ वर्षीया छोरी विनिताको मृत्यु भएको महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी नायब उपरीक्षक राजु पाण्डेले जानकारी दिए । ठक्करबाट घाइते बालिकाको ख्वप अस्पताल च्यामासिंहमा प्राथमिक उपचारपछि मध्यपुर अस्पताल थिमिमा मृत्यु भएको हो । चालक भक्तपुर नगरपालिका-८ जेला बस्ने २७ वर्षीय राजेश कुस्मा र टिपरलाई नियन्त्रणमा लिएर प्रहरी वृत्त जगाती भक्तपुरमा राखिएको छ ।

**Pathari Shanishchare Municipality**
**Office of the Municipal Executive**
**Pathari Shanischare, Morang**
**Province No. 1, Nepal**
**(Social Security and Vital Event Registration Section)**

**Request for Sealed Quotation**
**for**
**Operation of Registration camp for vital events Registration, Social security and related complaint**
**(Date of First Publication: 21th February 2022) (9th Falgun 2079)**

1. Pathari Shanishchare Municipality, Morang District received fund on conditional grant through fiscal transfer of Strengthening Systems for Social protection and Civil Registration (SSSPCR) Project, The Ministry of Home affairs, Department of National ID and Civil Registration, Government of Nepal has received financing from The World Bank toward the cost of the project, and intends to apply part of the proceeds toward payments under the contract for hiring a Firm providing Operation of Registration camp for vital events Registration, Social security and related complaint.
2. Bidding will be conducted through National competitive bidding using a Request for Quotation (RFQ) as specified in the Public Procurement Act and Regulations.
3. Pathari Shanishchare Municipality, Morang District invites sealed quotation from the qualified consulting firm of the following detail.


| S.N. | Description | Bidding Document fee (non-refundable) | Deadline of bid-document purchase | Bid submission deadline (Date and Time) | Bid-Opening Date and Time |
|---|---|---|---|---|---|
| 1 | Operation of Registration camp for vital events Registration, Social security and related complaint (NP-DOCR-184870-NC-RFQ) | Rs. 1000 | 22th March 2022) (8th Chaitra 2079) | 23th March 2022) 12:00 NOON (9th Chaitra 2079) | 23th March 2022) 02:00PM (9th Chaitra 2079) |

4. In case of last date for purchasing, submission and opening of bids falls on a Government Holiday, the next working day shall be considered the last day. In such a case, the bid validity shall be recognized from the original bid submission deadline.
5. The employer reserves the right to amend, accept or reject, wholly or partly, any or all the bids without assigning any reasons whatsoever.
6. The Registration Camp will be organized in all wards of Pathari Shanishchare Municipality.
7. The address referred to above is:

**Address: Pathari Shanishchare Municipality Office, Pathari Shanischare-1, Pathari**
**Telephone No: 9842338999**
**Website: www.patharishanishcharemun.gov.np**

**Laxmi Prasad Kharel**
**Chief administrative officer**
**Office of the Pathari Shanishchare Municipality, Morang District**
**Address: Pathari Shanischare-1, Pathari**

# एमसीसीको नेपाल यात्रा




**विष्णु लक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, ८ फागुन

दर्ता भएको करिब ३२ महिनापछि अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशन एमसिसी प्रतिनिधि सभामा पेश भएको छ। अहिले आएर दलका नेताहरुले एमसीसीका विषयमा द्वैध चरित्र देखाए पनि लगभग सबै दल यसमा कुनै न कुनै रुपमा सहभागी भएका थिए ।

२०६८/६९ सालमा प्रधानमन्त्री बाबुराम भट्टराई र अर्थमन्त्री वर्षमान पुन भएका बेला एमसिसीसँग समन्वय गर्न वैदेशिक सहायता समन्वय महाशाखाका प्रमुखलाई सम्पर्क अधिकृत नियुक्त गरिएको थियो भने नेपाल एमसिसी थ्रेसहोल्ड कार्यक्रममा छनोट भएको जानकारी गराइएको थियो ।

२०६९/७० मा मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मी र अर्थमन्त्री शंकर कोइराला भएका बेला अध्ययन गर्न नेपाली अर्थशास्त्रीको समूह गठन गरिएको थियो । त्यसैगरी २०७०/७२ सालमा प्रधानमन्त्री सुशील कोइराला र अर्थमन्त्री डा रामशरण महत भएका बेला एमसिसीले नेपाललाई कम्प्याक्टका लागि छनोट गरियो ।

यसैगरी २०७२/७३ मा प्रधानमन्त्री केपी ओली र अर्थमन्त्री विष्णु पौडेल भएका बेला कम्प्याक्टको मस्यौदा तयार गर्ने र सम्भावित आयोजनाबारे अध्ययन गर्नका लागि प्राविधिक अनुदान सहायता स्वीकार गर्नेसम्बन्धी सम्झौता भयो। २०७३/७४ मा प्रधानमन्त्री पुष्पकमल दाहाल र अर्थमन्त्री कृष्णबहादुर महरा भएका बेला एमसिसीबाट अनुदान सहायता प्राप्त गर्न वार्ता टोली गठन गर्ने निर्णय गरिएको थियो ।

यसैगरी २०६८ मा तत्कालीन नेकपा माओवादीका नेता बाबुराम भट्टराई नेतृत्वको गठबन्धन सरकारदेखि सुरु भएको एमसिसी सम्झौता प्रक्रियामा नेपालका लगभग सबैजसो दलहरू र नेतृत्व प्रत्यक्ष रुपमा सहभागी भएका छन् ।

तत्कालीन माओवादी नेतृत्वको बाबुराम भट्टराई प्रधानमन्त्री रहेको सरकारमा माओवादी नेता नारायणकाजी श्रेष्ठ परराष्ट्रमन्त्री थिए भने एमाले नेतृत्वको ओली प्रधानमन्त्री रहेको २०७३/७४ को सरकारमा उपप्रधानमन्त्री भीम रावल, राप्रपाका कमल थापा, जनमोर्चाका नेता चित्रबहादुर केसी, मालेका सिपी मैनाली तथा माओवादीका अग्नि सापकोटा र राप्रपाका दीपक बोहोरा पनि मन्त्री थिए ।

२०७४ मा प्रधानमन्त्री शेरबहादुर देउवा र अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की रहेका बेला मिलेनियम च्यालेन्ज कम्प्याक्टमा हस्ताक्षर भएको थियो । नेकपा नेतृत्वमा रहेको ओली सरकारले २०७६ असार ३० गते अनुमोदनका लागि संसदमा एमसीसी सम्झौता दर्ता गराएको थियो ।

# ‘विश्वविद्यालयमा तालाबन्दी गरेर समस्या समाधान हुँदैन’



**काठमाडौं/मस-** त्रिभुवन विश्वविद्यालयका उपकुलपति धर्मकान्त बाँस्कोटाले सो मातहतका क्याम्पसमा तालाबन्दी गरेर समस्या समाधान नहुने बताएका छन् । ज्ञान गोष्ठी संवाद शृङ्खला-६ द्वारा आइतबार आयोजना गरेको ‘ विश्वविद्यालयको सङ्कटमोचन’ विषयक कार्यक्रममा उनले राजनीतिक दलका हस्तक्षेपका कारण दिनानुदिन शिक्षामा असर पर्दै गइरहेको बताए ।

उनले भने, ‘विश्वविद्यालय प्रणालीलाई पुनःनिर्माण गर्नुपर्ने भएको छ । यसको स्वरूप ठूलो भएकाले गुणस्तरीय शिक्षा प्रदान गर्न केही क्याम्पस सार्नुपर्ने देखिन्छ ।’ क्याम्पसमा तालाबन्दी वा कुनै अन्य सो क्रियाकलाप हुँदैमा पदाधिकारीले चुप लागेर बस्नु नहुने उनको भनाइ छ ।

लुम्बिनी बौद्ध विश्वविद्यालयका पूर्व उपकुलपति प्राडा त्रिरत्न मानन्धरले त्रिविलाई तालाबन्दी मुक्त गर्नुपर्ने धारणा राखे । उनले भने, ‘त्रिविले समय सान्दर्भिक शिक्षा प्रदान गर्न पाठ्यक्रम परिमार्जनलगायत सो बजारमुखी कार्यक्रम अघि सार्नुपर्नेछ ।’ खुला विश्वविद्यालय सेवा आयोगका अध्यक्ष प्राडा राजकुमार पोखरेलले राजनीतिक पार्टीको आडमा शिक्षामाथि आक्रमण गर्न नहुने विचार व्यक्त गरे ।

त्रिवि अन्तरराष्ट्रिय सम्बन्ध विभागका प्रमुख प्राडा खड्क केसीले दल वा सोका नेता तथा सङ्गठनमा लागेका व्यक्ति मात्रै माथि बढ्ने परम्परा हाबि हुँदै जाँदा योग्य व्यक्ति पछि पर्दै गइरहेका गुनासो गरे । सो विश्वविद्यालयअन्तर्गतका आंशिक प्राध्यापक राजेन्द्र आचार्यले समान कामको समान ज्याला भन्ने नारालाई आत्मसात् गर्दै आफूहरू सो प्राप्तिमा अघि बढिरहेको बताए । उक्त कार्यक्रममा विभिन्न विश्वविद्यालयका प्राध्यापकहरूको उपस्थिति थियो ।


**भजनी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भजनी, कैलाली**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृति गर्ने आशयको सुचना**

**प्रकाशन मिति : २०७८/११/०९**

यस भजनी नगरपालिकाको कार्यालयको मिति २०७८/१०/०९ मा प्रकाशित बोलपत्र आह्वान सूचनाका आधारमा निम्न कार्यका लागि पेश भएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्रदाताको न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्र मुल्यांकन समितिबाट स्वीकृतिको लागि छनोट तथा सिफारिस भई आएकोले सार्बजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा २ र ३ र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिन्छ ।

**तपशिलः**

| क्र.स | ठेक्का नं | आयोजनाको नाम | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबुल रकम रु (मु.आ.क सहित) | कैफियत |
|---|---|---|---|---|---|
| 01 | NCB/BM/BLDG/1/2078/079 | Construction of Mohanyal Secondary School building in Bhajani Municipality | Malika–J.B. J/V , Pahalmanpur-01, Ghodaghodi , Kailali | 2,39,09,856.63 | |


# पोखरामा भीषण असिना पानी, सडक सेताम्मै



**पोखरा/मस-** पोखरामा आइतबार दिउँसो परेको बाक्लो असिना पानीले जनजीवन प्रभावित बनायो । दिउँसो १ बजेदेखि असिना पर्न शुरु गरेकामा साँझ साढे ४ बजेसम्मनै निरन्तर पर्दा पोखराका अधिकांश सडकहरु असिनाले सेताम्मे भएका छन् । सडकमा बाक्लो असिना जमेको थियो ।

पोखराका सडकहरुमा बाक्लो असिनाका कारण यातायात अवरुद्ध भएर ट्राफिक जाम भएको थियो । फागुनको पहिलो सातामै परेको असिनाले हिउँदे र बेमौसमी तरकारी तथा थन्काउने बेलाको आलुमा नोक्सानी पुगेपछि कृषक मर्कामा परेका छन् ।

पोखराको मुख्य बजार क्षेत्र महेन्द्रपुल, चिप्लेढुङ्गा, न्युरोड, नयाँबजार, सिर्जनाचोक, रानीपौवालगायतका क्षेत्रका सडकमा बाक्लो असिनाका कारण यातायात सञ्चालनमा कठिनाइ भएपछि एक्साभेटरको सहायताले असिना हटाएर यातायात सहज बनाइएको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

सडकमा असिना जमेर गाडी गुड्न अप्ठ्यारो भएपछि प्रहरीले असिना हटाउन सुरु गरेको हो । असिना पानीले सडक अवरुद्ध हुँदा चालक र पैदलयात्रु सडकमै रोकिन बाध्य भएका थिए ।

असिनाका कारण हिउँदे बाली तथा काउली, बन्दा लगायतका तरकारी र कौसी खेतीमा क्षति पुर्‍याएको महानगर कृषि विकास महाशाखाले जनाएको छ । महानगरका वडा नं १८, २०, १६, २५, २२, १४ लगायत कृषि उत्पादन बढी हुने क्षेत्रका कृषक असिनाबाट पीडित बनेका छन् । आलु खन्ने समयमा असिना र पानी पर्दा आलु कुहिने सम्भावना बढी हुने भएकाले कृषक मर्कामा पर्ने उनले बताए ।

महाशाखा प्रमुख मनहर कडरियाले भने, ‘विगतका वर्षहरुमा फागुन अन्तिम र चैतमा असिना पर्ने गरे पनि यसवर्ष अनुमानभन्दा पहिल्यै परेपछि तरकारी बालीमा बढी क्षति गरेको छ । कृषकहरुले क्षतिका प्रारम्भिक रिपोर्टहरु दिनुभएको छ । बजार क्षेत्रमा यति बाक्लो असिना परेको मेरो जानकारीमा रहेसम्म अहिलेनै हो ।’

पोखरामा अघिल्ला वर्षहरुमा पनि ग्रामीण क्षेत्रमा बाक्लो असिना पर्ने गरेको थियो । बजार क्षेत्रमा भने वर्षौंपछि बाक्लो असिना परेको बताइन्छ ।

# ३८ वर्षदेखि भाडाकै घरमा प्रहरी चौकी




**नविन अंकुर/मध्यान्ह**
मनाङ, ८ फागुन

मनाङका अधिकांश प्रहरी कार्यालय भाडाकै घरमा छन् । जिल्ला प्रहरी कार्यालय मनाङअन्तर्गतका अधिकांश प्रहरी चौकी विगत ३८ वर्षदेखि भाडाकै घरमा सञ्चालन भइरहेका छन् ।

प्रहरी नायब उपरीक्षक सुवास खड्काका अनुसार जिल्लाका अधिकांश इकाइ संरचनाविहीन रहेको छ ।

निजी आवासलाई भाडामा लिएर मनाङको शान्ति सुरक्षामा प्रहरी खटिएका छन् । उनले भने, ‘जिल्ला प्रहरी कार्यालयको भवन निर्माण भइरहेको छ। कार्यालय भवन निर्माणका लागि लामो समयदेखि आग्रह गर्दै आएको र सोही बमोजिम हाल भवन निर्माण प्रक्रिया अगाडि बढेको छ ।’

सदरमुकाम चामे गाउँपालिका-४ स्थित बजारमा नै प्रहरी कार्यालयको सुविधा सम्पन्न भवन निर्माण भइरहेको उनको भनाइ छ । करिब रु १४ करोडको लागतमा जिल्ला प्रहरी कार्यालय मनाङको भवन निर्माण भइरहेको छ । उनका अनुसार जिल्ला प्रहरी कार्यालय मातहतका अन्य इलाका प्रहरी कार्यालय तथा प्रहरी चौकी पनि भाडाकै घरमा छन् । प्रहरीले नजिक रहेका केही विद्यालयलाई ब्यारेक बनाएर प्रयोग गरिरहेका छन् भने अधिकांश प्रहरी चौकी भाडाका घरमा सञ्चालित छन् । भाडाका घरमा खान, बस्न, छलफल र अन्य कामकाजमा ठूलो समस्या भइरहेको उनले बताए । निवास, कार्यालयको व्यवस्थापन साँघुरोमा राखिएको छ ।

धारापानीस्थित इलाका प्रहरी कार्यालयको सेवा पनि भाडाकै घरबाट प्रवाह भइरहेको प्रहरी नायब उपरीक्षक खड्काले बताए । तालगाउँमा रहेको चौकीको जग्गा व्यक्तिको आवास निर्माण भएकाले भरखरै मात्र कार्यालयको मातहतमा ल्याइएको उनको भनाइ छ। मनाङको तालगाउँ, धारापानी, सदरमुकाम चामे, हुम्दे एयरपोर्ट, नार्पाभूमि र च्याखुमा इलाका प्रहरी तथा प्रहरी चौकी रहेका छन् । हुम्दे प्रहरी चौकीको जग्गा एयरपोर्ट विस्तारमा परेपछि ङिस्याङ गाउँपालिकाले चौकी निर्माणका लागि जग्गाको व्यवस्थापन गरेको उनले जानकारी दिए ।


**Madane Rural Municipality**
**Office of The Rural Municipal Executive**
Purkotdaha, Gulmi

**Invitation for Online Bids**

**Date of publication:** 2022-02-21 (2078/11/09)
**Notice No :**16/078/79

1. Madane Rural Municipality, Purkotdaha, Gulmi invites online bids Under E-Procurement system to the bidders for the Construction of Following Works Under NCB and Sealed Quotation Bidding procedure:

| S.N. | Contract Identification Number | Description of Works | Bid Security amount Nrs | Estimated amount with VAT and PS Nrs | Bid Security validity period | Bid document fee Nrs |
|---|---|---|---|---|---|---|
| 1 | OMDRM-GUL-W-SQ-11-078/79 | Construction of Shiva Parbati Temple at Khaldanda Bajhakateri. | 22000 | 881,825.19 | 75 days | 1,000 |
| 2 | OMDRM-GUL-W-NCB-11-078/79 | Construction of Bajhakateri Brihat khanepani Yojana. | 100000 | 3,855,844.08 | 90 days | 3,000 |

2. Date of submission and opening of bids:

| Contract Identification Number | Last date of submission of bid | Date of opening of bid | Employers bank account for purchasing of bid document |
|---|---|---|---|
| OMDRM-GUL-W-SQ-11-078/79 | 2022-03-08 (2078-11-24) at 12:00 | 2022-03-08 (2078-11-24) at 13:00 | Agriculture Development Bank Limited. Purkotdaha, Gulmi Branch **Account Name:** MADANE GA.PA.Ga.1.1 Internal Revenu **A/C No:** 0425401499748114 |
| OMDRM-GUL-W-NCB-11-078/79 | 2022-03-23 (2078-12-09) at 12:00 | 2022-03-23 (2078-12-09) at 13:00 | |

3. Eligible builders may obtain further information and inspect the bidding document at the office of Madane rural municipality at www.madanemun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Wholly or partially the right to accept or reject the bid document depends on the office of Madane rural Municipality.

**– Chief Administrative Officer**



**कतारमा रोजगार** | कम्पनी: **GULF NETWORK PROJECTS WLL**
शहर: **DOHA**

पूर्व स्वीकृत मितिः २०७८/११/०८ चलानी नं.: ६०१७४७९८ **LT. No.: 257943**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cabling Tech. | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४९,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 2 | 0 | | 1200 | ३९,२७६ | | | | | | | |
| 3. | Driver | 1 | 0 | | 1800 | ५८,९१४ | | | | | | | |
| 4. | General Supervisor | 1 | 0 | | 2500 | ८१,८२५ | | | | | | | |
| 5. | Labourer | 1 | 0 | | 1000 | ३२,७३० | | | | | | | |
| 6. | Painter | 2 | 0 | | 1200 | ३९,२७६ | | | | | | | |
| 7. | Technician | 2 | 0 | | 1200 | ३९,२७६ | | | | | | | |
| 8. | Tile Maker | 2 | 0 | | 1200 | ३९,२७६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १६ गते (28 February 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Maven Recruitment Services Pvt. Ltd.**
साविकको: **Baby Star International Pvt. Ltd.**
Gov. Lic No. 1081/073/074
Sinamangal-9 (Tara Hall Chowk), Kathmandu, Tel: 4492613, 4494173, Fax: 4494173
9851041565, Email: babystar149@gmail.com, Web.: www.babystar.com.np



Hilton Academy Pvt.Ltd.
A great place for career

**HOSPITALITY TRAINING**
गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation



विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।

नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN
गरिएको जानकारी गराउदछौं

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

मध्यान्ह
www.madhyanhadaily.com
९ फागुन २०७८, सोमबार
21 February 2022, Monday

## सम्पादकीय

## संविधानको पालना निर्विकल्प

अमेरिकी सहयोग परियोजना एमसीसी प्रतिनिधिसभामा पेश भइरहँदा त्यसविरूद्ध दिनभर प्रदर्शन भयो। सत्ता साझेदार दल नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीकै कार्यकर्ता सडक प्रदर्शनमा उत्रिएका थिए। राष्ट्रिय जनमोर्चा, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल कम्युनिष्ट पार्टी, नेकपा माओवादी क्रान्तिकारी लगायत साना दलका कार्यकर्ता सडक प्रदर्शनमा उत्रिएका थिए। निषेधित क्षेत्र तोड्न खोजेपछि प्रदर्शनकारीमाथि प्रहरीले लाठीचार्ज गरे। अवस्था नियन्त्रणमा लिन प्रहरीले रबरको गोली समेत चलाए। प्रहरीको लाठी चार्जबाट कयौं प्रदर्शनकारी घाइते भएका छन्। एमसीसीविरूद्ध समाजको ठूलै पंक्ति विरोधमा छन्। तर आइतबार प्रतिनिधिसभामा एमसीसी पेश भएको छ। एमसीसी पेश भइरहँदा सत्ता साझेदार दलकै सांसदहरूले पनि आपत्ति जनाएका छन्।


नेकपा एमालेका नेता भीम रावल, नेकपा माओवादी केन्द्रका नेता देव गुरूङ, नेमकिपाका सांसद प्रेम सुवाल, राष्ट्रिय जनमोर्चाका दुर्गा पौडेलले एमसीसी कार्यसूचीबाट हटाउन आग्रह गरेका थिए। तर सभामुख अग्निप्रसाद सापकोटाले ती सांसदहरूको माग सुनुवाइ गरेनन्। सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले एमसीसी पेश गरेका छन्। अब एमसीसीबारे निर्णय लिने अधिकार सार्वभौम संसदमा पुगेको छ। सांसदहरूले लिने निर्णयमै एमसीसी अनुमोदन हुने वा नहुने निश्चित हुनेछ। विपक्षी दल नेकपा एमालेले गएको २३ भदौदेखि लगातार संसद अवरोध गरिरहेकाले एमसीसीबारे छलफल हुने संभावना कम देखिन्छ। तर यो अवरोधले निर्णयार्थ प्रस्तुत हुन भने रोकिने छैन। किनकि यसअघि पनि सरकारले एमालेको गतिरोधकै बीच संशोधित बजेट ल्याएको थियो। एमसीसीले समेत निकास पाउन सक्छ।

एमसीसीको अन्तर्वस्तु छोड्ने हो भने एमसीसीको निकास नै अबको जिज्ञासा हो। तर आइतबार सडक प्रदर्शनका क्रममा देखिएको प्रहरी हस्तक्षेप भने निन्दनीय छ। किनभने कुनै व्यक्तिलाई शान्तिपूर्ण तरिकाले राख्ने अधिकार संविधानले सुनिश्चित गरेको छ। संविधान प्रदत्त निर्णय नागरिकले उपभोग गरी सडक प्रदर्शनमा उत्रन पाउँछन्। अझ राष्ट्रिय महत्वको विषयमा जनताले सडकमा कुरा राख्न पाउँछन् भने सांसदहरूले संसदमा निर्णय लिन र बहस गर्न पाउँछन्। तर त्यसलाई निषेध गर्ने कार्य संविधान बिरूद्ध छ। एमसीसीबारे उचित निर्णय लिन आवश्यक छ, तर बहस र विरोधको आवाजको समेत सुनुवाइ उत्तिकै जरूरी छ।

# क्रान्तिकारी आन्दोलन र परिवर्तन

**आर्थिक-सामाजिक परिवर्तनको लागि तात्कालिक समयको पिँधको वर्ग नउठी र सचेत संगठित सहभागिता नजनाई राजनैतिक सामाजिक परिवर्तन सम्भव छैन। त्यसैले सबै राजनैतिक शक्तिहरू यही वर्गलाई आधार बनाएर राजनीति गर्दछन्।**

अग्रलेख



● लेखराज रेग्मी

देशको राजनीतिमा धेरै किसिमका समाजवादी देखिन्छ, सायद दुनियाँमा नै समाजवादको शास्त्रीय मान्यता नै फरक छन् र त्यसका धेरै 'ककटेल भेराइटी' तयार गरिएका छन्। त्यस्तै नक्कली छोडेर पनि नेपालमा तीनथरी क्रान्तिकारी छन्। नेपालले सामन्तवादविरूद्ध व्यवहारिक लडाई गणना लायक ढंगले राणाशासनको उदयसँगै थालेको छ र शास्त्रीय ढंगले नेका र नेकपा गठनपूर्वका सचेतन र गुप्त राजनीतिक गतिविधिसँगै सुरू भएको पाइन्छ। उपनिवेशवादविरूद्ध सशक्त नेपाल साम्राज्यको स्थापनाका प्रयत्नसँगै उठेको आन्दोलन जंगबहादुरको उदयसँगै अवसरवादी धारामा परिणत भएको, पृष्ठभागमा दरबारिया षड्यन्त्रले यसको बिजारोपण गरेको पाइन्छ। यही समयदेखि हाम्रो देशभक्तिपूर्ण आन्दोलनमा अवसरवादी धारा आज सम्मपनि छद्म र प्रकटरूपमा सांस्कृतिक दिवालियापनसहित विद्यमान छ। आज एमसीसी प्रकरणमा देखिएको विभाजन पनि यही शासकीय सांस्कृतिक बिरासतमा अन्तरघुलित नवउदारवादका कारण नै देखापरिरहेको हो। यसरी देशभक्तिपूर्ण आन्दोलनमा पनि क्रान्तिकारी सांस्कृतिक धारा प्रबल हुन आवश्यक छ। तर, सबै पार्टीहरूमा बिरासतको अवसरवादी सांस्कृतिक प्रभाव कुनै न कुनै रूपमा अभिव्यक्त भैरहेको पाइन्छ। सामन्तवाद साम्राज्यवाद नेपाली जनजीवन प्रभावित गरिरहने अर्थराजनीतिक र सांस्कृतिक सत्ता र प्रवृत्ति दुवै हो। यसका विरूद्ध देखिने स्वतन्त्र स्वाभिमान र आत्मनिर्भर राज्यको माग समानान्तर जनमतको रूपमा विद्यमान छ। यसकारण विभिन्न अवसरवादी तत्वहरू राजनैतिक तथा आर्थिक रूपमा त्यस्ता नाराहरूको सामान्यकरण गर्न ढाँट छलकै रूपमा सही स्वीकार गर्न बाध्य छन। यसैकारण उनीहरू पाखण्डकै रूपमा क्रान्तिकारी बन्न बाध्य छन। यसलाई ठिक ढंगले नपर्गेलिकन नेपाल र नेपाली समाजको अग्रगामी दिशामा रूपान्तरण सम्भव छैन। यो प्रवृत्ति नेपालका विभिन्न क्रियाशिल राजनैतिक सामाजिक संघसंगठनहरूमा प्रवेश गर्ने कुण्डली मार्ने स्पष्ट वैचारिक तथा राजनीतिक सवालमा भाँडभैलो मच्चाउने इमान्दार तप्कालाई कमजोर पार्ने नेतृत्वलाई घेराबन्दीमा राख्ने र संगठन कब्जा गर्ने रणनीतिमा लागिरहेका हुन्छन्। यी खराब तत्वलाई छोडेर नीति प्रतिवद्धता र प्रतिनिधित्पका आधारमा नेपालका क्रान्तिकारी शक्तिहरूको समिक्षा हुनु आवश्यक छ।

हालको नेपाल देशीय सीमाभित्र सामन्तवादको विकासमा उच्चतम स्वरूपहरू केही थोरै केन्द्रहरूमा मात्र देखिन्छ, जहाँ स्वभाविक ढंगले आत्मनिर्भर अर्थतन्त्रको विकासको प्रक्रियामा सामाजिक व्यापारिक प्रवृत्ति विकास हुँदै गरेको तथा औद्योगिक विकास र सांस्कृतिक उन्नयनका अवस्था सँगै यसको व्यवस्थापन र नियमनका प्रकृया सुरू भएका तथा आधुनिक राज्यको जग बस्न थालेको पनि देखिन्छ। पश्चिममा दार्चुला डोटी र अछामको बिचमा केही काली पारिका क्षेत्र सही एउटा केन्द्र बन्न थालेको यसको आन्तरिक प्रतिस्पर्धा सँगै जुम्ला र कुमाउसँगको टकराव देखिन्छ। मध्यक्षेत्रमा सिंजा, पाल्पा र गुल्मी तथा गण्डक क्षेत्रमा गोरखा, नुवाकोट र कोशी क्षेत्रमा पनि पहाडी राज्य निर्माण कामका परिस्थिति विकास भैरहेका पाइन्छ तर, नेपालको आर्थिक सामाजिक र सांस्कृतिक आधारमा काठमाडौं उपत्यकाको विकास सबैभन्दा अगाडि बढेको पाइन्छ। जहाँ जहाँ सामन्ती राज्यव्यवस्था बन्दै र विकास हुँदै थियो त्यहाँ स्वभाविक रूपमा आर्थिक केन्द्रहरू कुटिर उद्योग ब्यापार तथा धार्मिक सांस्कृतिक केन्द्रहरू सँग-सँगै विकास भैरहेका थिए र पर्यापर्यटकीय चहलपहल बढिरहेको थियो। जनसंख्या, खेती, खानी, पानी आदी पूर्वाधार र शासकिय बन्दोबस्ती यस्ता विकासका आधार थिए।

पृथ्वीनारायण शाहको पहाडी साम्राज्य बिस्तारले दक्षिणको भौगोलिक राजनैतिक हस्तक्षेपलाई नियन्त्रण गर्‍यो भने उपत्यका बाहेकका राजनीतिक केन्द्रहरूमा प्रत्यक्ष शासकीय उपस्थितिका अभावमा आफ्ना सांस्कृतिक आर्थिक राजनैतिक सत्ता र राज्य निर्माणका कामसँगै विकासका आधार कमजोर हुन थाले। दरबारिया खिचलोका कारण सन्तुलित विकासको नीति बन्न सकेन र सबैतिरका शासकीय एकाइहरूमा दोहन तथा स्थानान्तरणको प्रकृया बढ्न थाल्यो। यसरी उन्नत र केन्द्रीकृत शासनका बाबजुद पुरानो र पछौटे प्रणालीप्रतिको मोहको संस्कृति विकास भयो आजको अवस्थामा देखिने इलाकावाद नातावाद नश्लवाद र राज्य भूगोल तथा जनताप्रतिको गैर जिम्मेवार प्रवृत्ति यही अधकल्चोपनका कारण र परिणाम हुन। यसको



**आज एमसीसी प्रकरणमा देखिएको विभाजन पनि यही शासकीय सांस्कृतिक बिरासतमा अन्तरघुलित नवउदारवादका कारण नै देखापरिरहेको हो। यसरी देशभक्तिपूर्ण आन्दोलनमा पनि क्रान्तिकारी सांस्कृतिक धारा प्रबल हुन आवश्यक छ। तर, सबै पार्टीहरूमा बिरासतको अवसरवादी सांस्कृतिक प्रभाव कुनै न कुनै रूपमा अभिव्यक्त भैरहेको पाइन्छ।**

समसामयिक राजनीतिमा परेको प्रभाव नै गैरजिम्मेवार भ्रष्ट र चाटुकार चरित्रको हालिमुहाली हो। यसलाई जगदेखि नै परिवर्तन नगरी हुने उपरिसंरचनाका हेरफेरले देशलाई बलियो बनाउँदैन र पटक-पटक फरक ढंगले पश्चगामी सोंच र चिन्तनले टाउको उठाइरहन्छ।

बाह्य चेतनाको प्रभावमा आएका राजनैतिक नेतृत्वहरूमा आन्तरिक रूपमा विद्यमान दब्बु औसरवादी र पछौटे सांस्कृतिक वैचारिक प्रभावका कारण उनीहरूको क्रान्तिकारी चेत धुमिल पर्ने गरेको पाइन्छ। नेपाली बाम प्रजातान्त्रिक आन्दोलनमा ठुलो संख्यामा राजनीतिकर्मी बुद्धिजीवीहरू यही किसिमका छन। पछौटे सामन्ती राज्यव्यवस्थाका विरूद्ध उन्नत प्रजातान्त्रिक पद्धतिको लागि संघर्षको अगुवाईको भूमिकाका कारण यिनीहरू क्रान्तिकारी हुन तर, बिरासतका सांस्कृतिक चिन्तन र आचरणका प्रभावका कारण तिनीहरू निर्णायक क्रान्तिकारी चरित्र बहन गर्न असमर्थ छन। यसरी बौद्धिक रूपमा क्रान्तिकारी तर आचरण र व्यवहारमा पुरातनपन्थी हुनु यो तप्काको अभिशाप नै हो।

औसतमा किसान परिवारमा जन्मेका आफ्नै उत्पादनका साधनमा भर परेको आर्थिक सामाजिक सांस्कृतिक जीवन व्यतित गरिरहेका थोरै धेरै कृषिमा आधुनिकीकरणबारे जाने बुझेका पठित युवाहरूमा उत्पादकत्व बृद्धि र जीवनस्तरमा प्रगति चाहने जिम्मेवार र जनउत्तरदायी आधुनिक राज्यको आवश्यकता बोध गरेका अर्धसामन्ती तथा नोकरशाही पूँजीवादी शासकीय प्रवृत्ति तथा बजार अर्थतन्त्रमा बाह्य पकड बढ्दै गरेको महसुस गरेका तथा आफ्नो आर्थिक सामाजिक जीवनपद्धति धरापमा पर्दै गरेको महसुस गरेका तथा आधुनिक र जिम्मेवार राज्य प्रणालीमा पर्याप्त अवसर मिल्ने सम्भावना आंकलन गर्ने युवा पिँढी सचेत हस्तक्षेपद्वारा परिवर्तनलाई सम्भव बनाउन सकिने आंकलनसहित परिवर्तनको बाधक मानिएको राज्य व्यवस्था र राजनैतिक प्रणाली परिवर्तन गर्न न्यौछावर हुन्छ। यसै तप्काबाट राजनैतिक नेतृत्व पनि जन्मिने गर्दछ। यो उर्जाशील क्रान्तिकारी राजनीति शक्तिको स्रोत हो। यसै वर्ग आधार र चेतन प्रवृत्तिबाट पछौटे वा आधुनिक राज्यले प्रशासनिक, सुरक्षा तथा नीति व्यवस्थापनमा जनशक्ति प्राप्त गर्ने हो। यसरी बढी प्रतिस्पर्धात्मक तर कम जोखिमयुक्त यो विकल्प पनि उनीहरूका लागि खुला हुन्छ। थोरै मात्र पूर्वाधार र साधनस्रोत व्यवस्थापन गर्न सक्दा बैकल्पिक आर्थिक उन्नति प्राप्त गर्न सम्भव पनि देखिन्छ र कुशल व्यवस्थापन र कडा मेहनत गर्दा सकारात्मक परिणाम र वर्गरूपान्तरण गर्न सफल केही नमुना मानिसहरू यसै तप्काबाट आएका उदाहरणहरू छन्।

यसरी यी दुवैथरी क्रान्तिकारी चेतना, सोंच र कृयाशिलतासहित समाजमा व्यक्तित्व बनाउन सफल क्रान्तिकारी युवाहरूको जमातले सहज ढंगले क्रान्तिकारी राजनीतिमा आफ्नो स्थान बनाउने गर्दछन्। युवा विश्वेश्वर, पुष्पलाल, मदन भण्डारी र प्रचण्डहरू समसामयिक राजनीतिमा उच्चतम स्थान प्राप्त गर्न सफल छन्।

आर्थिक-सामाजिक परिवर्तनको लागि तात्कालिक समयको पिँधको वर्ग नउठी र सचेत संगठित सहभागिता नजनाई राजनैतिक सामाजिक परिवर्तन सम्भव छैन। त्यसैले सबै राजनैतिक शक्तिहरू यही वर्गलाई आधार बनाएर राजनीति गर्दछन्। यो वर्गबाट राजनैतिक नेतृत्वमा आक्कल झुक्कल मानिसहरू पुग्दछन्, जब पुग्दछन् उनीहरूले धेरै अवसरहरू पाउँछन् र उनीहरूको वर्ग फेरिन्छ जुन वर्गको राजनीतिमा ती व्यक्ति प्रवेश गर्छन्, त्यसैको जिम्मेवार नेता बन्दै उनको आर्थिक सामाजिक हैसियतमा फरक आउन थाल्छ र उनीहरू बिरासतप्रति जवाफदेही रहदैनन्।

कार्लमार्क्सले वर्ग विश्लेषण गर्दा आर्थिक-सामाजिक आधारलाई मापक बनाउछन् र आधुनिक औद्योगिक मजदुर वर्गलाई समाजको सबैभन्दा पींधको र सबैभन्दा नयाँ र अन्तिम वर्गको रूपमा परिचय गराउछन् र यो वर्गले आफ्नै अगुवाईमा क्रान्ति गर्दा राज्य वर्ग र व्यक्तिगत स्वामित्व नै अन्त्य हुने, समाज नै सम्पत्तिको मालिक बन्ने र सबै विभेद समाप्त हुने कुरा गर्दछन् र यही वर्ग नै सबैभन्दा क्रान्तिकारी रहेको घोषणा गर्दछन्। तर, त्यसको लागि उभित्रको यौटा तप्का दार्शनिक राजनैतिक आर्थिक सामाजिक सांस्कृतिक रूपले हरावलको हैसियतमा विकास गर्नुपर्छ र यसले एउटा अन्तरिम अबधिभर अधिनायकवाद अभ्यास गर्नुपर्छ। यही नै सबैभन्दा क्रान्तिकारी र सबभन्दा ताकतवर अन्तिम शासक बन्ने सौभाग्य प्राप्त राजनैतिक शक्ति बन्दछ।

आज पहिलो र दोश्रो श्रेणीका क्रान्तिकारीहरूले अन्तिम क्रान्तिकारी शक्ति आफै भएको डिङ हाँकिरहेको पाइन्छ। सायद, त्यो पनि एकहदसम्म एउटा छोटो अवधिको लागि सम्भव होला तर, सम्पूर्ण बिरासतबाट मुक्त नभै कुनै पनि हालतमा सम्भव छैन। त्यसैले हामीले सर्वप्रथम आफ्ना क्रान्तिकारिताका सीमा अनुभूत गरौं, दोस्रो आफ्ना सीमा र कमजोरी मेटाउन प्रयत्न गरौं, आफुलाई सक्दो रूपान्तरण गर्दै जाऔ र तेस्रो सिँगो नयाँ र क्रान्तिकारी वर्ग पहिचान गरौं र आफुलाई सम्पूर्णँरूपमा त्यसको अनुकुल बनाउन इमान्दार प्रयास गरौं। नेपाली कम्युनिष्ट आन्दोलनमा जातीय आधारमा पींधबाट शीर्ष स्थानमा पुग्न सफल रूपलाल विश्वकर्मा, मजदुर वर्गबाट मजदुर वर्गको पार्टीको शीर्ष स्थानमा पुग्न सफल निर्मल लामा, सम्पन्न वर्गबाट श्रमिक वर्गको जीवन अनुभूत गर्ने स्वरूपान्तरणका उदाहरण बनेका स्वनाम साथी र रूपचन्द्र विष्ट, यिनीहरूलाई सार्थक ढंगले बुझौं। कमिकमजोरीसहित अनुभूत गरौं र सार्थक शिक्षा ग्रहण गरौं। मार्क्सवादको वर्गीय शिक्षासहित क्रान्तिकारी आन्दोलन र भूमिकामा आफुलाई अभिप्रेरित गरौं।

## सामाजिक सञ्जाल



- त्रिषिकेश दाहाल

एमाले संसद बहिस्कार गर्ने, भीम रावल भाग लिने। नेकपा एस र माओवादी एमसीसी टेवल गर्न तयार, सांसद चाहिँ चर्को भाषण गर्दै विरोधमा। योभन्दा गाईजात्रा कतै होला ? सत्ता-विपक्ष दुवैतिर जारी छ रडाको !



- डम्मर खतिवडा

एमसीसी टबल भएको मात्रै हैन, निश्चित छ पास पनि हुन्छ। यसबाट देशलाई कुनै घाटा वा बेफाईदा भएछ भने त्यसको नैतिक दायित्व तपाईं विरोधीहरूमा भन्दा हामी समर्थकहरूमा बढी हुनेछ। पीर नगर्नुस्-राष्ट्रवादी मित्रहरू ! अमेरिकी सेना आएछ भने पहिलो गोली हामी थापौंला। तपाईंहरूलाई केको चिन्ता ?



- डा. जगन कार्की

एमसीसी पास/फेल गरे पनि अमेरिका आवश्यक परे त्यसै पनि सेना झार्ने ताकत राख्छ। झरे पनि नेपालको लोकतन्त्र, मानव अधिकार रक्षाका लागि झर्लान्। तर, उत्तर छिमेकीले ऋण, नाफामा धावाबोले र दक्षिणबाट बर्दीबिना सबैतिर छिरिसकेका सेना बर्दीलगाएर आए पहिले अमेरिकी सेना गुहार्ने यी नै राष्ट्रवादी हुनेछन्।



- नारायणकाजी श्रेष्ठ

एमसीसी कम्प्याक्ट सम्झौता स्विकार गर्नु वा संसदबाट अनुमोदन गर्नु सिधा राष्ट्रघात हो। प्रत्यक्ष वा घुमाएर यसलाई पारित गर्ने वा पारित गर्न खोज्ने काम जो कसैले गरेपनि देशभक्तहरू त्यसको विरूद्ध दृढतापुर्वक उभिनु पर्छ।




- निर्मल प्रसाइँ

एमसीसीको म्याद बढाइरहनुभन्दा सर्लक्क खारेज नगरेर आलोकाचो व्यवहार देखायो सरकारले ! सडकमा तमाशा, अश्रुग्यास र पानीको सत्यानाश, जनतालाई हैरानी र सास्ती! लावालस्कर फौज लिएर महंगो गाडीमा स्कटिङ गरेर हिड्नेले यो पीडा बुझ्न पनि कसरी ?

# एमसीसीमा राष्ट्रवादको राजनीति

**एमसीसीलाई नलिने निर्णय एक प्रकोप हुनेछ, जसको असर नेपालको अर्थतन्त्र मात्र होइन, अन्य धेरै क्षेत्रमा पर्नेछ। एमसीसी फिर्ता भए भविष्यमा नेपालमा लगानी गर्न आँट कसैले गर्दैनन्। यो खतरनाक परिस्थिति हो।**

टिप्पणी



● सन्तोष मेहता

राजनीतिक वृत्तमा एमसीसीको समर्थन र विरोधमा चर्काचर्की चलिरहेको छ। कम्युनिष्टका केही नेता तथा कार्यकर्ताहरु एमसीसीले दिने अनुदान सहयोग कुनै हालतमा स्वीकार गर्न नहुने र यसले देशको राष्ट्रियता धरापमा पार्ने भन्दै विरोध गरिरहेका छन्। भने कांग्रेस, लोसपा एवं नागरिक समाज खुलेर यति ठूलो सहयोग अस्वीकार गर्न नहुने भन्दै सहयोग स्वीकार गर्नुको विकल्प नरहेको बताइरहेका छन्।

एमसीसी अहिले पास भएको छैन तर, पनि एमसीसी नेपाल कार्यालयको योजनाअनुसार पूर्वतयारीका क्रममा नेपाल सरकारले चार अर्ब ३४ करोड रुपैयाँ खर्च गरिसकेको छ भने कन्सल्टेन्टहरूका लागि एमसीसीले एक अर्ब ७० रुपैयाँ खर्च गरेको छ। सडक डिजाइन तथा प्रसारण लाइन डिजाइनसँग सम्बन्धित कन्सल्टेन्ट तथा खरिद एजेन्टलाई एमसीसीले नै अमेरिकी डलरमा भुक्तानी दिइसकेको छ।

